वनस्पति स्रोत
समाचार पत्र
वनस्पति विभागको प्रकाशन

वि.सं. २०७३ असार/July 2016 वर्ष १९ अंक ४

jg:klt lbj;

"गरौं सम्वर्द्धन वनस्पतिको हुन्छ सम्मुन्नति राष्ट्रको" भन्ने नाराका साथ वनस्पति विभागको ५६ औ वार्षिकोत्सव तथा १७ औ वनस्पति दिवस २०७२ चैत्र २९ गतेका दिन वनस्पति विभागको प्राङ्गणमा एक समारोहको आयोजना गरी मनाइयो । माननीय वन तथा भू-संरक्षण मन्त्री अग्नी प्रसाद सापकोटाज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कायक्रमको सभापतित्व वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री उदय चन्द्र ठाकुरज्यूले गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि वन तथा भू-सरक्षण मन्त्रीज्यूले रुद्राक्षको विरुवामा जल सेचन गरी कार्यक्रम उद्घाटन गर्नु भएको थियो । वनस्पति विज्ञ प्रा. डा. राम प्रसाद

चौधरीज्यूले वनस्पति विधाका सम्बन्धमा विशेष प्रवचन मन्तव्य व्यक्त गर्नु भएको थियो । माननीय मन्त्रीज्यूले यस विभागको प्रकाशन **Medicinal Plants of Nepal** र **Plant Resources 2016** पुस्तकहरूको विमोचन गर्नु भएको थियो ।

वनस्पति विभागको स्वर्ण महोत्सवको उपलक्ष्यमा स्थापना गरेको राष्ट्रिय वनस्पति पुरस्कार वानस्पतिक विविधताको पहिचान, अध्ययन, अनुसन्धान र प्रविधिको विकास गरी यिनको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन एवम् दिगो उपयोग गरी देशको सामाजिक-आर्थिक विकास गर्न उल्लेखनीय एवम् प्रशंसनीय कार्य गर्ने व्यक्ति, समूह वा संस्थालाई पुरस्कृत गर्ने परम्परा रहि आएको छ । यस बर्षको "राष्ट्रिय वनस्पति पुरस्कार २०७२" माननीय वन तथा भू-संरक्षण मन्त्री श्री अग्नी प्रसाद सापकोटाज्यूले नेपालको वानस्पतिक सम्पदाको पहिचान, संरक्षण, व्यवस्थापन एवं दिगो उपयोगलाई प्रवर्द्धन गर्न एवं संस्थागत विकासमा पुऱ्याउनु भएको विशिष्ट योगदानलाई कदर गर्दै डा. उदयराज शर्माज्यूलाई नगद पुरस्कार स्वरुप रु एक लाख, कदरपत्र तथा दोसल्ला प्रदान गरी सम्मानित गर्नु भयो ।

/fli6« jg:klt k'/:sf/ @)&@ åf/f ;Ddflgt JolQmTj 8f= pbo/fh zdf{

डा. उदयराज शर्माले संरक्षित क्षेत्रको विकास र व्यवस्थापनमा उच्चस्तरको विशेषज्ञता हासिल गर्नु भएको छ । जैविक विविधता संरक्षण, संरक्षित क्षेत्रको व्यवस्थापन, **Landscape** स्तरको संरक्षण, गरिवी निवारणमा उन्मुख दिगो वन व्यवस्थापन, गैह्र काष्ठ वनपैदावारको विकास आदि क्षेत्रमा डा. शर्माको उल्लेखनीय योगदान रहेको छ । साथै मन्त्रालय तथा विभागका उच्च पदमा कार्य गर्दा राष्ट्रिय वन नीति, जलवायु परिवर्तन सम्बन्धी नीति, **REDD+** रणनितिको निर्माण तथा कार्यान्वयन गराउनु भएको छ । जलवायु परिवर्तन सम्बन्धी सन्धी सम्झौता, संरक्षण कोषको विकास तथा परियोजना निर्माण तथा कार्यान्वयनमा डा. शर्माको विशेष दक्षता रहेको छ ।

नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय अर्न्तगतका विभिन्न निकायमा महत्वपूर्ण पदमा ३० वर्ष सेवा गरी २०६६ मा नेपाल सरकारको सचिव पदबाट अवकास पाउनु भएका डा. शर्माले २०५९ देखि २०६२ सम्म वनस्पति विभागको महानिर्देशकको पदमा कार्य गर्नु भएको थियो । उक्त अवधिमा डा. शर्माले वनस्पति सम्बन्धी विभिन्न नीतिहरू जस्तै गैह्र काष्ठ वन पैदावार विकास नीति बनाई वनस्पति संरक्षण र विकास कार्यमा सराहनीय टेवा पुऱ्याउनु भएको छ । नेपालमा गरीवी निवारणमा हदैसम्म सहयोग पुऱ्याउन नेपालका केही औषधिजन्य र सुगन्धित वनस्पतिको व्यवसायीकरणबाट मात्र सम्भव रहेको भन्ने विश्वास डा. शर्माको रहेको छ ।

डा. शर्माले **Arizona** विश्वविद्यालयबाट वन्यजन्तु प्रमुख विषय र मानवशास्त्र सहायक विषयमा विद्यावारिधि उपाधि हासिल गर्नु भएको छ । डा. शर्माका ६० वटा प्रकाशन र अनुसन्धात्मक कार्यपत्रहरू रहेका छन् । उक्त प्रकाशन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष व्यवस्थापन, मध्यावर्ती क्षेत्र व्यवस्थापन, पर्यापर्यटन, वन्यजन्तु पारिस्थीतिकीय प्रणाली, गैह्र काष्ठ वन पैदावार तथा वन क्रेडिट आदि सम्बन्धमा रहेका छन् ।

हाल डा. शर्मा **Arizona** विश्वविद्यालय **USA** मा **Associate Professor** को रुपमा कार्यारत हुनुहुन्छ ।

बधाई छ सम्मानित व्यक्तित्व डा. उदय राज शर्मालाई, सम्मान छ उहाँको बैज्ञानिक कृति र खोजहरूलाई ।

वन तथा भू-संरक्षण मन्त्रालय

वनस्पति विभाग

yfkfynL, sf7df8f}+g]kfn, kf]a=g=+@@&)

6]nkmfgM $-@%!!#(, $-@%!!^), $-@%!!%(, $-@%!!&!, ^ofS;M (&&-!-$@%!!$!

E-mail: info@dpr.gov.np, Website: www.dpr.gov.np

सम्पादकीय...

नेपालका विभिन्न भागमा पाइने औषधिजन्य तथा सुगन्धित वनस्पतिहरूको आफ्नै विषेशता रहेको छ। नेपालको हावापानी र धरातलीय प्रभावको कारण वनस्पतिको सार-तत्वले फरक-फरक गुणहरू ग्रहण गरेका छन्। नेपालका यार्शागुम्बा, पाँचऔंले, सतुवा, जटामंसी, सुगन्धवाल, अतिस, शतावरी, रुद्राक्ष, निर्मसी आदि संसारकै उत्कृष्ट जडीबुटीको रुपमा स्थापित भइसकेका छन्। प्रकृतिले दिएको अपार राष्ट्रिय सम्पदाको धनी देशमा हालसम्म जनताहरू विपन्न रहनुमा स्रोतको उचित दिगो व्यवस्थापन र उपभोग नभएकै कारणले हो। प्रत्येक नेपालीको यस राष्ट्रिय सम्पतिको संरक्षण र सम्वर्द्धनका साथै बुद्धिमतापूर्वक उपयोगमा जिम्मेवारी र अधिकार हुन्छ भने भावी सन्ततीलाई यथोचित रुपमा हस्तान्तरण गर्नु पनि आजको दायित्व हो। पूर्वका केही पहाडी जिल्लाहरूमा रुद्राक्ष र अलैचीको व्यवसायिक खेतीबाट प्राप्त आम्दानीबाट जीवनस्तरमा आएको सुधार यसको ज्वलन्त उदाहरण हो।

विकट र दुर्गम स्थानमा वनसंगै रहेका विपन्न र गरीव जनताको जीवनयापन सरल बनाउन मात्र होइन राष्ट्रको सन्तुलित आर्थिक रुपान्तरणको लागि केही जडीबुटी र सुगन्धित वनस्पतिको व्यापक व्यवसायीकरण एउटा सशक्त माध्यम बन्न सक्छ। देशको समष्टिगत आर्थिक समुन्नति सम्भव बनाउन अधिकतम जनताको पहुँच प्राकृतिक स्रोतमा पुऱ्याई त्यसबाट प्राप्त नतिजाको व्यवसायीकरण गरी दिगो आम्दानीको रुपमा स्थापित गर्न सक्नु पर्छ। नेपालको समग्र आर्थिक समृद्धिमा वनस्पति क्षेत्रले महत्वपूर्ण योगदान दिनको लागि वनस्पतिको व्यवस्थापन र विकासबाट प्राप्त हुने उत्पादन र वातवरणीय सेवाको बुद्धिमतापूर्ण उपयोग र प्राप्त लाभको न्यायोचित वितरणको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउन सक्नुपर्छ।

g]kfnL tyf ljb]zL cg';Gwfgs tf{k¿nfO{ ;Ddfg-kq kb]fg

प्रत्येक वर्षझैं नेपालको वानस्पतिक स्रोतको पहिचान, विकास तथा सदुपयोगमा उल्लेखनिय भूमिका निर्वाह गर्ने नेपाली तथा विदेशी अनुसन्धानकर्ताहरूलाई माननीय वन तथा भू-संरक्षण मन्त्री अग्नी प्रसाद सापकोटाज्यूद्वारा सम्मान पत्र प्रदान गरियो। सम्मानित व्यक्तित्वहरूको नामावली निम्न बमोजिम रहेको छ :-

श्री सुषमा उपाध्यय, उपमहानिर्देशक, वनस्पति विभाग

प्रोफेसर चिरीक शोभा ताम्राकार, डीन, त्रिभुवन विश्व विद्यालय, इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी

डा. कान्ती श्रेष्ठ,विभागिय प्रमुख, विज्ञान संकाय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

प्रा. डा. राम प्रसाद चौधरी, कार्यकारी निर्देशक, रिकाष्ट

Dr. Simon Milne MBE, Regius Keeper, **Royal Botanical Garden Edinburg, U.K.**

Dr. Roland F. Steurer, **Country Director GIZ, Nepal.**

Ms. Judy Oglethorpe , **Chief of Party,Hario Ban Program WWF Nepal**

Prof.Dr. Hideaki Ohba , **University Museum , Tokyo University , Japan**

हिमाल खबर पत्रिका, पाटनढोका, ललितपुर

चन्दा प्रोडक्सन, शंखमूल, काठमाडौं

- "वनस्पति दिवस २०७२" को उपलक्ष्यमा वनस्पति विभागले विभिन्न समयमा प्रकाशन गरेको **Medicinal Plants of Nepal** पुस्तकलाई परिमार्जन गरी दोस्रो संस्करणको प्रकाशनमा उल्लेखनीय कार्य गरेकोमा वनस्पति विभागका निम्न कर्मचारीहरू तथा विज्ञहरूलाई वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री उदय चन्द्र ठाकुरज्यले कदरपत्र प्रदान गर्नु भयो।

  डा. निर्मला जोशी, बैज्ञानिक अधिकृत
  श्री रमेश बस्नेत, वरिष्ठ अनुसन्धान अधिकृत
  श्री संगिता स्वाँर, बैज्ञानिक अधिकृत
  श्री तारा दत्त भट्ट, बैज्ञानिक अधिकृत
  श्री सुधीता बासुकला, बैज्ञानिक अधिकृत
  श्री उषा तण्डुकार, बैज्ञानिक अधिकृत
  श्री शिवानी खड्गी, बैज्ञानिक अधिकृत
  श्री दिल बहादुर क्षेत्री, बैज्ञानिक अधिकृत
  डा. महेश कुमार अधिकारी, वनस्पति विज्ञ

- यसै गरी सोही अवसरमा वनस्पति विभागमा लामो अवधिसम्म काम गरी राष्ट्र र जनताको सेवामा समर्पित निम्न राष्ट्रसेवक कर्मचारीहरूलाई वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री उदय चन्द्र ठाकुरज्यूले कदरपत्र प्रदान गर्नु भएको थियो।

  श्री राजेन्द्र शर्मा, स.प.चि. प्रा.स.अ
  श्री लक्ष्मण झा, स.वै.अ., वनस्पति विभाग
  श्री डम्बर बहादुर कार्की, स.वै.अ., वनस्पति विभाग
  श्री लिलाराम थारु, स.अ.अ., रा.ह.व.प्र.
  श्री मो. सज्जाद आलम, स.वै.अ., वनस्पति विभाग
  श्री अम्बिका श्रेष्ठ, टा.ना.सु., वनस्पति विभाग
  श्री कृष्णबाबु तिवारी, अ.बो, वनस्पति विभाग
  श्री कृष्ण प्रसाद हुमागाईं, स.र, वनस्पति विभाग
  श्री अर्जुन पराजुली, क.अ, वनस्पति विभाग
  श्री बासुदेव सिलवाल, हे.फि.अ, रा.ह.व.प्र.
  श्री काजी बहादुर महर्जन, खरिदार, रा.व.उ
  श्री राम बहादुर तामाङ्ग, ल्याब ब्वाई, वनस्पति विभाग
  श्री दिपक कुमार श्रेष्ठ, सुभर भाइजर, प्रा.स.अ
  श्री गोपाल महर्जन, ह.स.चा, वनस्पति विभाग
  श्री अरुण थिङ्ग, ह.स.चा., वनस्पति विभाग
  श्री कुमार कुँवर, का.स (माली), वनस्पति विभाग
  श्री मेनुका भण्डारी, का.स., प्रा.स.अ
  श्री चन्द्रमाया, का.स., (माली), वनस्पति विभाग
  श्री जमूना महर्जन, माली, वनस्पति विभाग
  श्री सिता बिष्ट, का.स., रा.ह.व.प्र.
  श्री जमुना रोक्का, का.स. (माली), वनस्पति विभाग
  श्री प्रविण सिलबाल, का.स., रा.व.उ., गोदावरी।
  श्री सुमित्रा कटुबाल, का.स., वनस्पति विभाग।

  "गरौं सम्वर्द्धन वनस्पतिको, हुन्छ समुन्नति राष्ट्रको" शिर्षकमा आधारित अन्तर माध्यामिक विद्यालय स्तरीय कविता प्रतियोगितामा सहभागी विद्यालयका छात्र-छात्राहरूलाई वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री उदय चन्द्र ठाकुरज्यूले प्रमाणपत्र तथा नगद पुरस्कार वितरण गर्नु भएको थियो।

dxflgb]zs / pkdxflgb]zsHo'sf] sf]/of eP0f

नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०७३/०२/०९ को माननीय मन्त्री स्तरीय निर्णय अनुसार ३० मे देखि ०६ जुन २०१६ तदनुसार वि.सं. २०७३ जेठ १७ देखि २४ सम्म दक्षिण कोरियास्थित कोरिया नेशनल आर्बोरेटम (KNA) का

पदाधिकारीहरूसँगको बैठक र स्थलगत अवलोकन भ्रमणको लागि यस विभागका महानिर्देशक राजदेव प्रसाद यादव, उपमहानिर्देशक सन्जीव कुमार राई र वन तथा भू-संरक्षण मन्त्रालय, वैदेशिक महाशाखाका उपसचिव (प्रा.) सागर कुमार रिमालले दक्षिण कोरियाको भ्रमण सम्पन्न गर्नु भएको थियो। सो भ्रमणको क्रममा महानिर्देशक राजदेव प्रसाद यादवले वनस्पति स्रोत संरक्षण र व्यवस्थापनमा विभागको कार्यक्रम र नीतिहरूको बारेमा, उपमहानिर्देशक सन्जीव कुमार राईले नेपालको **vegetation types** को बारेमा र उपसचिव सागर कुमार रिमालले वन तथा भू-संरक्षण मन्त्रालयले अंगीकार गरेका नीति र सुशासनका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। सो कार्यपत्रमा **KNA** का महानिर्देशक लगायत विभिन्न निकायका वैज्ञानिकहरू र शोधार्थीहरूले विशेष अभिरुची सहित सहभागिता जनाउनु भएको थियो।

पदाधिकारीहरूसँगको बैठकमा वनस्पति विभाग र **KNA** ले आगामी दिनमा वैज्ञानिक सहकार्य गर्ने, **Gene Bank** र अत्याधुनिक ग्रीनहाउस स्थापनामा प्राविधिक सहकार्य गर्ने लगायतका विषयमा छलफल भएको थियो। सो अवसरमा आगामी सन् २०२१ मा सम्पन्न हुन लागेको **World Forestry Congress** दक्षिण कोरियाले आयोजना गर्न इच्छुक देखिएको र **KNA** का महानिर्देशक **Lee, You Mi** ले नेपाललाई सहयोग गर्न आग्रह गर्नु भएको थियो। वनस्पति विभाग र **KNA** ले संयुक्त रुपमा गरिने वैज्ञानिक कार्यका लागि आर्थिक स्रोतको व्यवस्था गर्न पहल गर्ने सहमति पनि भएको थियो।

सो भ्रमण टोलीले **useful plant resource center** मा रहेका **tissue culture** र अत्याधुनिक ग्रीनहाउस र नर्सरीहरूको अवलोकन गरेको थियो। त्यसका साथै सो भ्रमण टोलीले **National Mountain Museum, Private Botanical Garden** र **Grand Central Zoo** को स्थलगत भ्रमण गरेको थियो।

uf]7L÷a}7s÷cGt/lqmof

- मिति २०७३/१/२० गते बबरमहलस्थित साप फल्चा हाउसमा वनस्पति विभागका महानिर्देशक श्री राजदेव प्रसाद यादवज्यूको अध्यक्षतामा **जडीबुटी सरोकारवालाहरूसंगको एक दिने गोष्ठी** सम्पन्न भएको थियो। उक्त गोष्ठीमा सरोकारवाला सरकारी तथा गैर सरकारी संघ संस्थाहरुका ६८ प्रतिनिधिको उपस्थिति रहेको थियो। गोष्ठीमा जडीबुटीसंग सम्बन्धित ६ वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो।

- मिति २०७३/२/२५ गते बबरमहलको साप फल्चा हाउसको सभाकक्षमा वनस्पति विभागको महानिर्देशक श्री राज देव प्रसाद यादवज्यूको अध्यक्षतामा **जडीबुटी क्षेत्रका सरोकारवालाहरुसंग अन्तरक्रिया (Interaction with MAPs Stakeholder and policy makers)** सम्पन्न भएको थियो। उक्त बैठकबाट जडीबुटीहरूको प्राथमिकिकरण पुनरावलोकन गर्नका लागि वनस्पति विभागका महानिर्देशकज्यूको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गर्ने र सो समितिको TOR सम्बन्धमा समेत छलफल भई जडीवुटीको राजश्व दर तथा जडीवुटी खेतीमा वीमा अनुदान तथा सहुलियत ऋणको लागी सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरिएको थियो।

- २०७३ असार ०४ र ०५ गते **National Accreditation Board for Testing and Calibration Laboratories (NABL), India** बाट आउनु भएका **Lead Auditor / Technical Auditor** ले **Instrument** शाखा र **Natural Product Research Laboratory** को **ISO 17025:2005** बमोजिम **Accrediation** का लागि **Final assessement** गर्नु भएकोमा उक्त **assessment** बाट **Technical Requiement** संग सम्बन्धित ३ वटा र **Management Requirement** संग सम्बन्धित २ वटा गरी जम्मा ५ वटा **Non-Compliances (NCs) raise** भएको छ। उक्त **NCs** सम्बन्धित **auditor** बाट **close** भएपछि माग भएका मध्ये विभिन्न ६ वटा प्यारामिटरमा प्रयोगशाला प्रमाणीकरण हुनेछ।
- **जडीबुटी एवं गैह्रकाष्ठ वनपैदावार समन्वय समितिको बैठक** माननीय वन तथा भू-संरक्षण मन्त्री श्री अग्नी प्रसाद सापकोटाज्यूको अध्यक्षतामा मिति २०७२ /०३/१९ मा सम्पन्न भयो। उक्त बैठकमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री उदय चन्द्र ठाकुरज्यूको समेत उपस्थिति रहेको थियो। बैठकले प्राथमिकता प्राप्त ३० जडीबुटीमा सतुवा, काकोली र कालो मुसली थप गरी जम्मा ३३ वटा गरेका छन्। यसैगरी खेति प्रविधि अनुसन्धानका लागि गुच्ची च्याउ, यार्शागुम्बा, सतुवा, काकोली र कालो मुसली थप गरी सुगन्धवाल, टिमुर, सतावरी र सुगन्धकोकीला हटाई जम्मा १३ वटा जडीबुटीहरू सूचिकृत गर्ने निर्णय गरिएको छ।

  उक्त बैठकमा गुणस्तरीय बिउ बेर्ना व्यवस्थापन र विकास गर्न वनस्पति विभागका महानिर्देशकज्यूको संयोजकत्वमा वन विभाग, नेपाल कृषि अनुसन्धान परिषद, बाली संरक्षण निर्देशनालय, केन्द्रिय वनस्पति विभाग (त्रि.वि) राष्ट्रिय वनस्पति उद्यान, नेपाल हर्वस तथा हर्वल उत्पादक संघका प्रतिनिधिहरू र वनस्पति विभाग (योजना शाखा) सदस्य सचिव रहने गरी प्राविधिक उप-समिति तथा जडीबुटी संकलन तथा निकासीको क्रममा लाग्ने राजश्व दर तथा समावेश गरिएका जडीबुटी तथा गैह्रकाष्ठ वनपैदावारहरूको वैज्ञानिक सूचिलाई अद्यावधिक गर्नका लागि वनस्पति विभागका महानिर्देशकज्यूको संयोजकत्वमा वन उद्यम तथा प्रवर्द्धन महाशाखा (वन तथा भू-संरक्षण मन्त्रालय), वन विभाग, उद्योग वाणिज्य महा संघ, राष्ट्रिय वनस्पति उद्यान, **ANSAB** का प्रतिनिधिहरू तथा वनस्पति विभाग (योजना शाखा) सदस्य सचिव रहने गरी राजश्व दररेट परिमार्जन उप-समिति गठन गर्ने निर्णय गरेको छ।

tflnd

- सेवाकालिन तालिम : केन्द्रिय वन तालिम तथा प्रचार प्रसार केन्द्रले मिति २०७२/११/३० गते देखि संचालन गरेको ३० कार्यदिने **"विकास र संरक्षणका लागि व्यवस्थापन'** तालिममा वनस्पति विभागका स.बै.अ. श्री कल्पना शर्मा ढकाल र स.बै.अ. श्री प्रमेश बहादुर लाखे तथा राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाका स.अ.अ. श्री रिता क्षेत्री र स.अ.अ. श्री तिर्थराज पाण्डेय सहभागी हुनु भएको थियो।
- यस विभाग अन्तर्गतका विभिन्न प्रयोगशालाहरूमा कार्यरत प्राविधिक जनशक्तिहरूलाई रसायनहरूबाट हुन सक्ने सम्भावित जोखिम, बच्ने उपाय, प्रयोगशालामा दुर्घटना घटेमा गर्नु पर्ने प्राथमिक उपचार, **Fire extinguisher** सञ्चालन गर्ने विधि आदिका बारेमा जानकारी दिने उद्देश्यले मिति २०७३ वैशाख १२ देखि १४ गतेसम्म ३ दिने **Chemical Management** सम्बन्धी तालिम सञ्चालन गरिएको थियो। उक्त तालिममा विभागका विभिन्न प्रयोगशालाहरू लगायत प्राकृतिक सम्पदा अनुसन्धानशाला,

थापाथली, राष्ट्रिय हर्बेयिम तथा वनस्पति प्रयोगशाला, गोदावरी, जिल्ला वनस्पति कार्यालय, मकवानपुर र जिल्ला वनस्पति कार्यालय, बाँकेमा कार्यरत गरी जम्मा १८ जना प्राविधिक कर्मचारीहरू सहभागी हुनु भएको थियो ।

- वनस्पति विभागका **नव सेवा प्रवेशीहरूलाई** Orientation **विषयक तालिम** २०७३/१/२८ देखि २०७३/२/१३ सम्म वनस्पति विभागको सुनाखरी हलमा सञ्चालन गरीएको थियो । उक्त कार्यक्रम वनस्पति विभागका महानिर्देशक श्री राजदेव प्रसाद यादवज्यूको अध्यक्षतामा समुद्घाटन र समापन गरिएको थियो । तालिममा वनस्पति विभाग तथा अन्तर्गतका कार्यालयका ११ जना कर्मचारीहरूको सहभागिता रहेका थियो । तालिममा सहभागी कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ :

क्र.सं.	कर्मचारीको नाम,थर	पद	कार्यालय
१.	श्री कृष्ण कुमार साह	स.वै.अ.	प्राकृतिक सम्पदा अनुसन्धनशाला
२.	श्री रमेश कुमार यादव	स.वै.अ.	प्राकृतिक सम्पदा अनुसन्धनशाला
३.	श्री अंजनी कुमार अधिकारी	स.वै.अ.	वनस्पति विभाग
४.	श्री चेतना खनाल	स.व.अ.	जिल्ला वनस्पति कार्यालय, कैलाली
५.	श्री चन्द्रकला ठाकुर	स.व.अ.	जिल्ला वनस्पति कार्यालय, बाँके
६.	श्री मनोज राना	अ.के.	वनस्पति विभाग
७.	श्री दीपेश कट्टेल	अ.के.	प्राकृतिक सम्पदा अनुसन्धनशाला
८.	श्री दीपाकुमारी चौधरी	अ.के.	वनस्पति विभाग
९.	श्री धर्मराज कोइराला	अ.बो.	जिल्ला वनस्पति कार्यालय, मकवानपुर
१०.	श्री गोविन्द प्रसाद गौतम	अ.ल्या.टे.	प्राकृतिक सम्पदा अनुसन्धनशाला
११.	श्री सरिता यादव	हे.फि.अ.	राष्ट्रिय वनस्पति उद्यान, गोदावरी

यस कार्यक्रममा वनस्पति विभागका महानिर्देशक, उप-महानिर्देशकहरू, पूर्व-महानिर्देशकहरू र उप-महानिर्देशकहरूको अनुभव तथा वनस्पति विभागको भावी रणनीति, लेखा र प्रशासनका विविध विषयहरू, वनस्पति विभागका विभिन्न शाखाहरू, राष्ट्रिय हर्वेरियम तथा प्रयोगशाला, राष्ट्रिय वनस्पति उद्यान, सदुपयोग तथा पाइलट शाखा, नर्सरी व्यवस्थापन, फ्लोरिक्लचर, नेपालमा जडीबुटीको व्यापारिक अवस्थाका विषय वस्तुहरूमा जानकारी तथा अभ्यास गराइएको थियो ।

- मिति २०७३/०३/०७ देखि १० गते सम्म इन्स्ट्रुमेन्ट शाखाको व्यवस्थापनमा **Method Validation** सम्बन्धी ४ दिने **training** सम्पन्न भएको थियो । सो तालिममा स्रोत व्यक्तिहरुले आ-आफ्ना कार्य पत्रहरू प्रस्तुत गर्नु भएको थियो । उक्त तालिममा इन्स्ट्रुमेन्ट शाखाबाट ५ जना र प्राकृतिक सम्पदा अनुसन्धनशाला बाट २ जना गरी जम्मा ७ जना सहभागी हुनु भएको थियो ।

- वनस्पति विभागका कार्यरत कर्मचारीहरु बीच समन्वयात्मक सम्बन्ध विकास भई विभागको कार्यमा तदारुकता आउनका साथै कामको स्तर समेत उच्च गराउने उद्देश्यका साथ विगतमा जस्तै आ.व. ०७२/०७३ मा पनि ललितपुर जिल्लाको गोदावरीस्थित भृकुटी भ्यू हो**टलमा** २०७३ असार २४ र २५ गते **कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न कर्मचारीहरुबीच समन्वयात्मक कार्यक्रम** (Team Building) संचालन गरिएको थियो । सो कार्यक्रमको उद्घाटन सत्रको सभापतित्व वनस्पति विभागका महानिर्देशक श्री राजदेव प्रसाद यादवज्यूले गर्नु भएको थियो भने डा. ध्रुव प्रसाद आचार्य र श्री अश्विन पुडासैनले प्रशिक्षण प्रदान गर्नु भएको थियो उक्त दुई दिने **Team Building** प्रशिक्षण कार्यक्रमको समापन सत्रको मन्तव्यका क्रममा उप-महानिर्देशक श्री संजीवकुमार राईले विभागमा काम गर्ने सम्पूर्ण कर्मचारीहरूको कार्यदक्षता प्रति अविश्वास कहिले पनि नगरेको र विभागको उद्देश्य प्राप्त गर्नमा सहयोग पुऱ्याउनमा आवश्यक सहयोग भैरहेको बताउनु हुँदै सम्पूर्ण सहभागीहरूलाई सक्रिय सहभागिताका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो । समापन सत्रका सभापति तथा विभागका उप-महानिर्देशक श्री सुषमा उपाध्यायले संस्थागत विकासका लागि **Team Spirit** का साथ कार्य गर्ने भावनाबाट गुणस्तरीय कार्य हुन सक्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

ljefuaf6 ;Dkflbt sfo{qmd

- **WWF** हरियो वन कार्यक्रमको आर्थिक सहयोगमा वनस्पति विभागको बायोटेक्नोलोजी प्रयोगशाला सुदृढीकरण र महत्वपूर्ण सुनाखरी *(Dendrobium)* का ७ प्रजातिका टिस्यूकल्चर प्रविधि विकास कार्यक्रम सम्पन्न भयो । २०७२ बैशाख देखि २०७३ असार १६ सम्म संचालित कार्यक्रममा *Dendrobium amoenum, D. aphyllum, D. candidum, D. cripidatum, D. eriaeflorum, D. longicornu* र *D. moschatum* का टिस्यूकल्चर प्रविधि विकास कार्य हुनुका साथै यी प्रजातिका जर्मप्लाजम प्रयोगशालामा संरक्षित गरिएको छ ।
- मिति २०७३/०३/२२ गते Global Taxonomic Initiative Program for Supporting the Universities कार्यक्रमबाट सहायता प्राप्त विद्यार्थीहरूले अनुसन्धान प्रतिवेदन प्रस्तुत गरेका थिए । अनुसन्धानकर्ता विद्यार्थीहरूलाई विभागका महानिर्देशक श्री राजदेव प्रसाद यादवज्यूले सहायता वापतको दोस्रो किस्ताको रकम जनही रू. १०,०००/- प्रदान गर्नु भएको थियो ।
- मुगु, चितवन र सिन्धुपाल्चोक जिल्लामा गाम्डोल, जिनसिङ्ग, मुसली, सतुवा, वन आलु, पाषणभेद, ठूलो ओखती, पदमचाल, बोझो, कुट्की, जटामसी, तिते विरुवाको जर्मप्लाज्म संकलन तथा बजार र प्राकृतिक अवस्था अध्ययन गरिनुका साथै संरक्षणका प्रयासबारे छलफल गरिएको थियो ।
- आ.व. ०७१/०७२ मा प्राकृतिक अवस्थाबाट संकलन गरिएका गाम्डोल, जिनसिङ्ग, मुसली, सतुवामध्ये मुसली र गाम्डोल **phenological study** को लागि वनस्पति विभागमा र सतुवा, जिनसिङ्ग राष्ट्रिय वनस्पति उद्यानमा रोपण गरिएको छ ।
- जडीबुटी उत्पादन नर्सरी समूह, काभ्रेपलान्चोक र यस विभाग बीच भएको सम्झौता बमोजिम सतुवाको बिउ र गानाबाट उत्पादित विरुवाहरुको मिति २०७३।२।१४ देखि १५ सम्म उपमहानिर्देशकज्यू श्री सुषमा उपाध्यायको संयोजकत्वमा बैज्ञानिक अधिकृत डा. निर्मला जोशी, बैज्ञानिक अधिकृत श्री दिल बहादुर क्षेत्री, सहायक बैज्ञानिक अधिकृत श्री कल्पना शर्मा ढकालले सतुवा उत्पादन नर्सरी अनुगमन गर्नुभएको थियो ।

- चार वटा संस्थाहरू खोकना जडीबुटी उत्पादन समूह, ललितपुर; सामुदायिक विकास कार्यकर्ता समाज, काठमाडौं; सामुदायिक कृषि वन बिउ सहकारी संस्था लिमिटेड, हेटौंडा, मकवानपुर; **WIST (Women in Science and Technology)** काठमाडौं संग सम्झौता गरी नेपाल सरकारबाट प्राथमिकता प्राप्त ३० जडीबुटी, निकासी योग्य जडीबुटीहरूको स्थानीय सरोकारवालासंग छलफल गरी अमला, कुरिलो, हर्रो, वर्रो, वेल, खयर, नीम, कालो तुलसी, तेजपात, चिराइतो, मजिठो, पाषाणभेद, सुगन्धवाल, बोझो, रिठा, टिमुर र भ्याकुर प्रजाति छनौट गरी विरुवा उत्पादन कार्य सम्पन्न भएको छ ।
- मिति २०७३।०२।०८ गते महानिर्देशक श्री राजदेव प्रसाद यादवज्यूले खोकना जडीबुटी उत्पादन समूह, ललितपुर, सामुदायिक विकास कार्यकर्ता

समाज मा निकासीयोग्य जडीबुटी उत्पादन नर्सरीको अनुगमन गर्नु भएको थियो ।

- २०७३/२/१५ गते गणतन्त्र दिवस भव्यताका साथ मनाउन वन तथा भू-संरक्षण मन्त्रालयले आयोजना गरेको जनचेतनामूलक एवं विकास गतिविधि झल्कने **झाँकीमा** मन्त्रालय अन्तर्गतका विभागहरू, **TCN** र जडीबुटी प्रशोधन तथा उत्पादन कं. लिमिटडको संयुक्त झाँकी प्रदर्शनमा वनस्पति विभागको प्रचार प्रसार शाखाबाट सहभागिता जनाईएको थियो ।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय अगाडि, शिक्षा मन्त्रालयको पश्चिमतर्फ साइटिस र रोज गार्डेन निर्माण गरिएको छ । साइटिस गार्डेनमा रुख उन्यू, साइकस, लौठसल्ला, गुन्सी, भ्याकुर, अर्किड, सर्पगन्धा, भोटे चाँप जस्ता विरुवाहरू; रोज गार्डेनमा रोजहरू र हर्बल गार्डेनमा कुरिलो, बोझो, अमला, सुगन्धकोकिला, असुरो, धसिंग्रे, आँक, लगायतका विरुवाहरू रोपण गरिएको छ ।

/fli6« jg:klt pBfg ufpbfj/L

- राष्ट्रिय वनस्पति उद्यान गोदावरीको आयोजनामा मिति २०७३।०२।०५ गते Plant Conservation Day मनाइएको थियो । उक्त दिवसको अवसरमा दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरू (चाँप, गुन्सी, जिङ्गो र लौठसल्ला) को वृक्षारोपण गरिएको थियो । सोही अवसरमा रा.व.उ.ले अन्तर निम्न माध्यामिक/माध्यामिक स्तरीय चित्रकला प्रतियागिताको पनि आयोजना गरेको थियो । जस अन्तर्गत विभिन्न छ वटा स्कुलहरूले भाग लिएको र प्रत्येक स्कुलको तर्फबाट एक छात्र र एक छात्रा गरी जम्मा १२ जनाको सहभागिता रहेको थिए । उक्त कार्यक्रम वनस्पति विभागका उप-महानिर्देशक श्री सन्जीव कुमार राईज्यूको प्रमुख आतिथ्य तथा रा.व.उ.का प्रमुख श्री दिपक लामिछानेज्यूको सभापतित्वमा सम्पन्न भएको थियो । सहभागी विद्यार्थीहरूले वनस्पति र यसको संरक्षणको बारेमा निकै आकर्षक चित्र बनाएका थिए । वनस्पतिको संरक्षण साथै चित्रकलाको महत्व सम्बन्धी प्रकाश पार्दै पुरस्कार वितरण गरेर उक्त कार्यक्रमको समापन गरिएको थियो ।

राजश्व संकलनः राष्ट्रिय वनस्पति उद्यानको आ.व. ०७२/७३ को श्रावण १ गते देखि असार मसान्त सम्म विद्यालय,विद्यार्थि, कलेज संध संस्थाहरुको ४२२ समुहको ३१५८७ जनालाई वनस्पति सम्बन्धी ज्ञान प्रदान गरेको थियो । संकलन भएको राजश्व तथा आगन्तुकहरुको विवरण तपशील बमोजिम रहेको छ ।

तपसिल

सि.नं.	विवरण	टिकट दर	आगन्तुक संख्या/जना	राजश्व
१	नेपाली नागरिक १० वर्ष मुनिका र विद्यार्थी	१२	५२२८६	जम्मा राजश्व रु. १,१७,६०९५६ ।- (अक्षरेपी एक करोड सत्र लाख साठ्ठी हजार नौ सय छप्पन्न मात्र ।)
२	नेपाली नागरिक १० वर्ष माथिका	३४	२,५३,८६१	
३	सार्क मुलुकका नागरिक	२३/५६	४९३	
४	विदेशी नागरिक	११३/२२६	२,४०६	
	जम्मा		**३,०९,०४६ जना**	

/fli6« xj]/od tyf jg:klt kpf]uzfnf

- **Nepal Flora** प्रकाशनलाई सहयोग पुऱ्याउने लक्ष्य लिई १६ जना अनुसन्धानकर्ताहरूलाई मिति २०७३/२/२ देखि २०७३/२/६ सम्म ५ दिने **Flora writing** सम्बन्धी तालिम प्रदान गरियो । सो तालिमको उद्घाटन वनस्पति

सरूवा/बढुवा

क्र.सं.	कर्मचारीको नाम, थर	पद/श्रेणी	सेवा/समूह	निर्णय मिति	साविकको कार्यालय	सरुवा भएको कार्यालय
१.	सुनिल कुमार आचार्य	वनस्पति अधिकृत/रा.प.द्वि.	वन, वोटानी	२०७३।२।१७	वनस्पति विभाग	जिल्ला वनस्पति कार्यालय बाँके
२.	राकेश कुमार त्रिपाठी	अ.मू.अ./रा.प.द्वितिय	इन्जि/केमेष्ट्री	२०७३।१।१३	भू-तथा जलाधार संरक्षण विभाग	वनस्पति विभाग
३.	रविन्द्र अर्याल	लेखा अधिकृत/रा.प.तृ	प्रशासन/लेखा	२०७२।५।२०	के.ले.नि.का सल्यान	वनस्पति विभाग
४.	रिविता ताम्राकार	स.प्र.अ./रा.प.तृ	इन्जि/केमेष्ट्री	२०७२।१२।१७	वनस्पति विभाग	उद्योग विभाग
५.	खरमति पुन	स.अ.अ./रा.प.तृ	स्वास्थ्य/फार्मेसी	२०७२।११।१८	वनस्पति विभाग	औषधी व्यवस्था विभाग
६.	मान बहादुर तामाङ्ग	श्रेणी बिहिन	प्रशासन/सा.प्र.	२०७२।११।९	वनस्पति विभाग	सामान्य प्रशासन मन्त्रालय (अतिक्ति समूह)

अवकाश/राजिनामा

क्र.सं.	कर्मचारीको नाम, थर	पद/श्रेणी	सेवा/समूह	अवकाश/राजिनामा मिति	कैफियत
१.	गजेन्द्र कुमार पौड्याल	अ.मू.अ./रा.प.द्वितिय	इन्जि/केमेष्ट्री	२०७२।९।६	
२.	देवानन्द पोद्दार	लेखा अधिकृत/रा.प.तृ	प्रशासनर/लेखा	२०७३।२।४	
३.	मन कुमार विष्ट	नायब सुब्बा/रा.प.अनं.प्र.	प्रशासन/सा.प्र.	२०७३।३।१५	
४	भगतमान वम्जन	ओभरसियर/रा.प.अनं.प्र.	इन्जि/मे.ई.	२०७३।१।१	

बढुवा/नयाँ नियुक्ति

क्र.सं.	कर्मचारीको नाम, थर	पद/श्रेणी	सेवा/समूह	बढुवा/नियुक्ति मिति	कैफियत
१.	रघुराम पराजुली	वैज्ञानिक अधिकृत/रा.प.द्वितीय	वन, वोटानी	२०७३।२।६	
२.	मोनिका दाहाल	स.यो.अ./रा.प.तृ	वन, वोटानी	२०७३।३।१६	
३.	शान्ति शर्मा भुषाल	स.वै.अ./रा.प.तृ	वन, वोटानी	२०७३।३।१६	
४.	दिपा कुमारी चौधरी	अ.के./रा.प.अनं.प्र.	इन्जि/केमेष्ट्री	२०७२।९।६	
५.	सुनिता प्रधान	लेखा अधिकृत	प्रशासन/लेखा	२०७३।३।१०	

विभागका महानिर्देशक श्री राजदेव प्रसाद यादवज्यूले गर्नु भएको थियो ।

- यस हर्बेरियममा फूल फूल्ने वनस्पतिहरूको **Type specimen** को कूल संख्या ८७ पुगेको छ । पछिल्लो पटक **Asteraceae** परिवारको *Synotis managensis* **S. Joshi, K. Shrestha & D M Bajracharya** को **Holotype** प्राप्त भएको छ ।
- राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालाका स.अ.अ. हेम राज पौडेल, प्राकृतिक सम्पदा अनुसन्धान शालाका स.अ.अ. राजेश्वर रञ्जितकार, अ.के. पारसमणि यादव तथा गोविन्द प्रसाद गौतम लगायतको टोलीले मुस्ताङ्ग जिल्लाको विभिन्न स्थानबाट २० प्रजातिको हर्बेरियम नमूना तथा १० प्रजातिको जडीबुटी नमूनाहरू संकलन गरी हर्बेरियम नमूनाहरू राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरीमा संरक्षित गरिएको तथा १० प्रजातिको जडीबुटी नमूनाहरू रसायनिक विश्लेषणका लागि प्राकृतिक सम्पदा अनुसन्धानशालामा राखिएको छ । संकलित हर्बेरियम नमूनाहरू मध्ये **Lamiaceae** परिवारको *Dracocephalum tanguticum* **Maximowicz** हर्बेरियमका लागि नयाँ (**New to KATH**) प्रजाति थप भएको छ ।
- कैलाश पवित्र भू-परिधि क्षेत्रको अध्ययन, अनुसन्धान अन्तर्गतका ४ वटा जिल्लाहरु (हुम्ला, बझाङ, बैतडी र दार्चुला) मध्ये बैतडी जिल्लाको श्रीभावर क्षेत्र र दार्चुला जिल्लाको मालिकार्जुन क्षेत्रको फिल्ड अध्ययन गरी १८३ प्रजातिका हर्बेरियम नमूनाहरुको संकलन गर्ने कार्य सम्पन्न गरी पहिचान र **Digitization** कार्य जारी रहेको छ ।

lhNnf jg:klt sfof{no, 0{nfd

- जि.व.का.इलामले सरोकारवालाहरूसँग अन्तरक्रिया गोष्ठी मिति २०७३/३/२९ गते सम्पन्न गरेको छ । स्थानीय जडीबुटी व्यापारी श्री काजी राईको अध्यक्षता र कहरे सा.व.उ.स.का अध्यक्ष श्री खड्ग बहादुर राईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा स्थानीय जडीबुटी कृषक, जडीबुटी संकलनकर्ता, जडीबुटी व्यापारी, होम हर्बल गार्डेन समूह, पत्रकार लगायत जम्मा २१ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा कृषकहरूले बजारको सुनिश्चितता भएमात्र उत्पादन बढ्ने भएकाले बजारीकरणमा सुनिश्चितता हुनुपर्नेमा सर्वपक्षबाट सहमति भएको थियो ।
- मिति २०७३/०३/८ देखि १० सम्म **थामी जातिमा रहेको वनस्पतिहरु सम्बन्धी परम्परागत औषधिय प्रयोगको अभिलेखीकरण कार्य** सम्पन्न गरेको छ । १२ जना सहभागीहरूलाई ५० वटा जडीबुटीहरू संकलन गर्न लगाई प्रत्येक वनस्पतिको औषधिय ज्ञान, प्रयोग विधि, मात्रा, वनस्पति पहिचान क्षमता, फेनोलोजीको ज्ञान, आदिबारे जडीबुटी प्रयोगकर्ताहरूसँग रहेको ज्ञानको अभिलेखीकरण गरिएको थियो ।
- मिति २०७३/३/१० गते इलाम जिल्ला, जोगमाई २, मा **संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी प्रजातिको वासस्थान संरक्षणका लागि**

अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कालीखोप डढेली सा.व.उ.स.का १५ जना महिला सहभागीहरू रहको उक्त कार्यक्रमको सभापतित्व कार्यालय प्रमुख श्री कृष्णराम भट्टराईले गर्नुभएको थियो भने कार्यक्रमको संचालन सोही सा.व.उ.स.का अध्यक्ष श्री जीतबहादुर खड्काले गर्नुभएको थियो । उक्त अवसरमा सहभागीहरूले सो सा.व.मा पाइने संकटापूर्ण वनस्पतिहरको सूचि समेत तयार गरेको थियो ।

- मिति २०७३/३/११ गते इलाम जिल्ला, जोगमाई २, मा जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी फिल्ड स्तरीय कोचिङ्ग सम्पन्न गरेको छ । २० जना सहभागीहरू (१२ पुरुष, ८ महिला) रहको उक्त कार्यक्रममा लौठसल्लाको खेती विस्तार र नर्सरी विधिबारे प्रयोगात्मक अभ्यास गराइएको थियो ।
- मिति २०७३/२/१० देखि १४ सम्म चिसापानी २ सोमवारेमा कार्यालय प्रमुख श्री कृष्णराम भट्टराईको सभापतित्वमा-**जडीबुटी संकलन, संरक्षण तथा खेती विषयक तालिम** सम्पन्न गरेको छ । २० जना सहभागीहरू (१६ पुरुष, ४ महिला) रहको तालिममा जडीबुटी कृषक, सा.व.उ.स.पदाधिकारीको सहभागी रहेको थियो । तालिमका क्रममा श्री चिसापानी जडीबुटी खेती विस्तार समूह, चिसापानी-२ नामक समूह गठन गरी सहभागी श्री नरेन्द्र खड्काको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति समेत चयन गरिएको थियो ।

lhNnf jg:klt sfof{no, wgfff

- मिति २०७३/२/२० गते जिल्ला भित्रका ४ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई वनस्पति उद्यान, धनुषा धाममा अध्ययन भ्रमण गराई जडीबुटीबारे जानकारी दिलाउनुका साथै सो सम्बन्धी कोचिङ्ग संचालन गरियो । विद्यार्थीहरूलाई वनस्पति उद्यानको परिचय, उद्देश्य र कार्यक्रमबारे विस्तृत चर्चा गरी उद्यानमा संरक्षित दुर्लभ वनस्पति तथा उद्यानमा संरक्षित ७० प्रजातिका जडीबुटीहरूको अवलोकन गराइयो, जसमा सबै प्रजातिको वैज्ञानिक नाम, नेपाली नाम, परिवार, उपयोगी भाग र प्रयोग सम्बन्धी जानकारी खुल्ने प्लेट लगाई व्यवस्थित गरिएको छ । साथै उद्यान भित्र बिभिन्न उद्यानहरू, अर्बोरेटम र नर्सरीहरूको अवलोकन गराइयो । तत्पश्चात धनुषाधाम वन क्षेत्रमा भ्रमण गराई त्यहाँ पाइने महत्वपूर्ण जडीबुटी तथा वनस्पति लगायत वन्यजन्तुको अवलोकन गराइयो । साथै उद्यान नर्सरीबाट विद्यार्थी तथा विद्यालयको लागि जडीबुटी र फूलका विरुवाहरू उपलब्ध गराइयो ।
- अवलोकन भ्रमणमा श्री कण्टीर झा नमूना उ मा. वि. बभनगामा, श्री जनता मा.वि. रजौल, श्री मा.वि.

सोहनी र श्री धनुष जनता उ मा.वि. धनुषाधामबाट गरी जम्मा २६ जना सहभागी थिए, जसमा १३ महिला, १२ पुरुष , २६ मधेशी, ४ जनजाति र ३ दलित समावेश थिए । उक्त भ्रमणबाट जडीबुटी सम्बन्धी यथेष्ठ ज्ञान हासिल गर्न सकेको छ भने नेपालका जडीबुटीहरूबारे पर्याप्त ज्ञान हासिल गर्न जिल्ला बाहिर रहेका अन्य वनस्पति उद्यानहरूमा पनि भ्रमण गर्ने इच्छा व्यक्त गरेका छन् ।

lhNnf jg:klt sfof{no, dsjfgk'/

- जि.व.का. मकवानपुरले विभिन्न १३ रुख प्रजाति (हर्रो, वर्रो, अमला, तेजपात, चाँप, वेल, खयर आदि) का ५०,००० वटा गैह्रकाष्ठ वनस्पतिहरूको

विरुवा उत्पादन गरेको छ। चुरेका विभिन्न क्षेत्रमा बहुउपयोगी वनस्पतिहरूको प्रयोग, प्रचार र संरक्षण बढाउनका लागि वृक्षारोपण गर्न यी वनस्पतिहरूको विरुवा उत्पादन गरिएको हो। मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका वडा नं. १९ स्थित शत्तिखोला जलाधार क्षेत्रमास्थानीय सामुदायिक वन र जि.व.का.को सहकार्यमा वृक्षारोपण गरिएको हो। सामुदायिक वन उपभोक्ता समूहले तारबारको लागि पोल बनाउने, खाल्डो खन्ने, तारवार गर्ने र विरुवा रोपण गर्ने कार्य गरेको थियो भने जि.व.का.ले विरुवा, आर्थिक अनुदान र प्राविधिक सहयोग प्रदान गरेको थियो। चुरे संरक्षणका अपरिहार्यता र यसको वातावरण सन्तुलनमा पार्ने सकारात्मक प्रभावलाई मनन् गर्दै स्थानीयहरूको जनचेतना वृद्धि गर्दै, २०७३ असार २ गते "चुरे दिवस"को अवसर पारेर विभिन्न प्रजातिका १०,००० विरुवा वृक्षारोपण गरिएको थियो।

- जिल्लाका विभिन्न स्थानहरूमा आयोजित तालिम, गोष्ठी र कोचिङ्गहरू मार्फत ३८८ जनालाई जडीबुटी पहिचान, खेती, प्रयोग, दिगो संकलन र महत्वका बारेमा जनचेतना प्रदान गरिएको हो। यस कार्यालयले विभिन्न ३ उद्यानहरूमा स्थापनाकालदेखि स्यहार संभार र संरक्षण गर्दै आएका वनस्पतिहरूलाई समेटेर "**Plants of Botanical Gardens, Makawanpur**" र विगतदेखि हालसम्म भएका अध्ययन अनुसन्धानबाट पहिचान भएका वनस्पतिहरू समेटेर "**Flowering Plants of Makawanpur**" नामक पुस्तक

प्रकाशन गरेको हो। वृन्दावन वनस्पति उद्यानमा रहेका वनस्पति-रसायन प्रयोगशालाबाट ४५ प्रजातिका वनस्पतिहरूका सुगन्धित तेल प्रतिशत निर्धारण गरेको छ। जिल्लाको जडीबुटी अध्ययनको थलोको रुपमा यस कार्यालयलाई स्थापित बनाउने क्रममा १९० प्रजातिका वनस्पतिहरूको नमूना संकलन र पहिचान गरी जडीबुटी सूचना केन्द्रमा राखिएको छ। विभिन्न क्याम्पस तथा संघ/संस्थामा अध्ययनरत विद्यार्थीहरू तथा अवलोकनकर्ताहरूले उद्यानमा रहेका संरक्षित वनस्पतिहरूको अवलोकन गर्न आउने गरेका छन्।

- मिति २०७३/२/२९ गते वृन्दावन वनस्पति उद्यानमा माननीय वन तथा भू-संरक्षण मन्त्री अग्नी प्रसाद सापकोटाज्यू, सचिव श्री उदय चन्द्र ठाकुरज्यू, वन विभागका महानिर्देशक श्री गौरीशंकर तिमिला, मध्यमाञ्चल क्षेत्रीय वन निर्देशक, डा. अखिलेश्वर लाल कर्ण र अन्य महानुभावहरूको उपस्थितिमा वृक्षारोपण र निरीक्षण अवलोकण भ्रमण गर्नुभएको थियो।

lhNnf jg:klt sfof{no, afl6]

- कार्यालय प्रमुख श्री सुनिल कुमार आचार्यको अध्यक्षतामा जि.व.का. बाँकेमा मिति २०७३/०३/१२ देखि १६ सम्म बैजापुर गा.वि.स.स्थित विभिन्न चुरे संरक्षण समूहका २० जना सदस्यहरूको

सहभागितामा **जडीबुटी संकलन, संरक्षण र खेती विषयक तालिम** सम्पन्न गरियो। उक्त तालिममा ६ जना आन्तरिक र ३ जना बाह्य प्रशिक्षकद्वारा विभिन्न विषयवस्तुहरूका बारे प्रकाश पारिएको थियो। तालिमका क्रममा सहभागीहरूलाई प्रयोगात्मक सीप अभिबृद्धिका लागि ढकेरी उद्यान, मेन्था/कुरिलो खेती गरिएका स्थानहरू र नर्सरीको अवलोकन समेत गराएको थियो। कार्यालय प्रमुख श्री सुनिलकुमार आर्चायले सहभागीहरूलाई प्रमाणपत्र र जडीबुटीका बेर्ना वितरण गरिएको थियो र सहभागीहरूले तालिमका क्रममा आर्जन गरेका ज्ञान-सीपको उपयोग र व्यवहारिकरणका साथै जडीबुटी खेति मार्फत आय आर्जनका क्रियाकलापहरूको बढोत्तरीमा लाग्न जोड दिनुभयो।

- मिति २०७३/०२/११ गते जडीबुटी संकलन, जडीबुटी उत्पादक, मध्यस्तकर्ता र बिक्री वितरणमा संलग्न स्थानीय व्यक्तिहरूसंग ढकेरी वनस्पति उद्यानमा **अन्तरक्रिया कार्यक्रम** सम्पन्न गरिएको थियो। ३५ जना सहभागी रहेको उक्त कार्यक्रममा महिला १५ र पुरुष २० रहेको थियो। जडीबुटीको व्यवसायीकरणमा रहेको समस्या पहिचान गरी त्यसको समाधानका उपायहरूबारे छलफल गरियो।

lhNnf jg:klt sfof{no, ;Nofg

- सल्यान जिल्लाको धनवाङ्ग–२ स्थित मुलपानी वनस्पति उद्यानको तालिम हलमा मिति २०७३।०२।१० गते सल्यान जिल्लाभित्र जडीबुटी खेती तथा बजारीकरणमा देखिएका समस्याहरू पहिचान गर्नका लागि **जडीबुटी संकलनकर्ता, मध्यस्तकर्ता तथा व्यापारी बीच**

एक दिने अन्तर्क्रिया गोष्ठी संचालन भएको थियो। जि.व.का.सल्यानका कार्यालय प्रमुख श्री जीवन पाण्डेले अन्तर्क्रियाको उद्देश्यहरू र कार्यालयले सञ्चालन गरेका गतिविधिको बारेमा प्रकाश पार्नु भएको थियो। सो कार्यक्रममा वनस्पति विभागका अनुगमन तथा मूल्यांकन शाखाका प्रमुख श्री राकेश त्रिपाठी तथा जि.व.का. कैलालीका प्रमुख श्री मधुसुदन थापा मगरको पनि उपस्थित रहेको थियो। छलफलको क्रममा यस्तो प्रकारको कार्यक्रमले भावी योजना बनाउन सहयोग पुग्ने र जडीबुटी खेतीलाई व्यावसायीकरण गर्न सकेमा देशको ठूलो आर्थिक उन्नति हुने कुरामा जोड दिएको थियो।

- व्यापारमा आएका जडीबुटीहरू जस्तै टिमुर, सुगन्धकोकिला, सुगन्धवाल, तेजपात, गुर्जो, काउलो, रिठा, कुरिलो, आदिको व्यवसायिक खेतीका खेती गरी प्रशोधन केन्द्र स्थापना गर्ने तर्फ सरोकारवालाहरू बीच सहकार्यका लागि प्रयास गर्ने प्रतिबद्धता जनाइयो।

- **सामुदायिक तथा सार्वजनिक जग्गामा संघ संस्था तथा व्यक्ति, समुदायलाई प्रति विरूवा रू. ३। का दरले ढुवानी, वृक्षारोपण तथा व्यवस्थापन सहयोग अनुदान कार्यक्रम** अन्तर्गत सल्यान जिल्लाका विभिन्न सामुदायिक तथा कर्वुलियती वनमा जिल्लाका महत्वपूर्ण जडीबुटीहरू जस्तै टिमुर, काउलो, रिठा, तेजपात, सुगन्धकोकिला, कुरिलो, चिउरी, लप्सी आदिका २१ हजारभन्दा बढी विरुवाहरू रोपण गरिएको छ। यस कार्यक्रमको मुख्य उद्देश्य सार्वजनिक तथा सामुदायिक जग्गामा जडीबुटी तथा गैह्रकाष्ठ विरुवा रोपण गरी उत्पादनमा वृद्धि ल्याउनुका साथै कृषकहरूलाई जडीबुटी खेतीतर्फ अभिप्रेरित गर्नु हो।

lhNnf jg:klt sfof{no, hDnf

- जुम्ला जिल्लाको सिंजा क्षेत्र भित्रको नाराकोट तथा विराट गा.वि.स.को खस समुदायले प्रयोग गर्ने वनस्पतिहरूको अभिलेखिकरण गर्नुका साथै गुणस्तर विकासको लागि खेती प्रविधि अनुसन्धानका लागि केशरको नर्सरी वेड तयार गरिएको छ ।
- "गरौं सम्वर्द्धन वनस्पतिको, हुन्छ समुन्नति राष्ट्रको" भन्ने नारामा देउडा प्रतियोगिता गरी चैत्र २९ गते १७ औं वनस्पति दिवस मनाइयो ।

- जि.व.का. जुम्लाद्वारा तपसिलका पुस्तकहरू प्रकाशन गरेको छ:

१. **Plant Profile of Jumla,** २. धिताचौर वनस्पति उद्यान तथा कार्यालय परिसरमा रहेका वनस्पतिहरूको बारेका जानकारी, ३. जुम्ला जिल्लाका महत्वपूर्ण जडीबुटी खेती सम्बन्धी जानकारी

- निजी तथा साना किसान समूहमा जडीबुटी खेती विस्तारका लागि देपालगाउँमा, होम हर्बल गार्डेनको लागि मालिकाठाटामा तथा देपालगाउँमा, संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी प्रजातिको वासस्थान संरक्षणको लागि पटमाराको रिनिमा, "एक गाउँ एक उत्पादनको" लागि अतिस सम्बन्धी पट्मारा गा.वि.स. वडा नं. ७ र ८ वातामा **अभिमुखीकरण तथा अन्तरक्रिया गोष्ठीहरु** गरिएको थियो ।
- जडीबुटी तथा बृक्षारोपण गरी संरक्षण गर्नेलाई थप प्रोत्साहन गर्न आचार्यवाडा सामुदायिक वन उपभोक्ता समिति, गेरुखान सामुदायिक वन उपभोक्ता समिति, फोइकालिका सामुदायिक वन उपभोक्ता समिति, जनजागृति सामुदायिक वन उपभोक्ता समितिलाई प्रति विरुवा रु. ३ का दरले र गरिब तथा विपन्न वर्गलाई निजी जग्गामा रोपणका लागि प्रति विरुवा रु. ५ का दरले ढुवानी र वृक्षरोपणमा सहयोग प्रदान गरिएको थियो ।
- मिति २०७३/०३/८ मा ४५ जनाको सहभागितामा डिल्लीचौर जुम्लामा जडीबुटी संकलनकर्ता, मध्यस्थकर्ता तथा व्यापारी बीच अन्तरक्रिया/गोष्ठी सम्पन्न गरिएको थियो ।
- मिति २०७३/०२/०४ देखि १० गतेसम्म जि.व.का. जुम्लाका कार्यालय प्रमुख श्री मदन कुमार खड्काज्यूको अध्यक्षतामा आयमुलक जडीबुटी खेति सम्बन्धी तालिम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा १८ जना सा.व. र वनस्पति, जडीबुटी समूहका प्रतिनिधिहरू र जडीबुटी कृषकको संलग्नता रहेको थियो ।
- रेडियो नारी आवाज र रेडियो कर्णाली स्थानीय रेडियोसंगको सहकार्यमा जडीबुटीको संरक्षण, दिगो संकलन, व्यवस्थापन, खेति विस्तार तथा स्थानीय बजारको मूल्य सम्बन्धी तथा वनस्पति संरक्षणका प्रयासहरू, अवसर, चुनौती तथा बजारीकरण, खेतीमा समस्या, खेती प्रविधि, भण्डारण तथा व्यवस्थापन विषयमा स्थानीय रेडियोबाट जनचेतना जगाउन रेडियो कार्यक्रम प्रसारण गरिएको थियो ।

lhNnf jg:klt sfof{no, s}hfnL

- मिति २०७३/०२/०९ र १० गते जि.व.का. कैलालीका वनस्पति अधिकृत श्री मधुसुदन थापा मगर नेतृत्वको २ सदस्यीय टोलीले राष्ट्रिय वनस्पति उद्यान गोदावरी, जि.व.का.सल्यान तथा जि.व.का.बाँकेबाट १७ प्रजातिका ८९ विरुवाहरू संकलन गरेको छ । यस संकलन कार्यबाट देवरिया वनस्पति उद्यानको लागि ९ नयाँ प्रजाति (गुन्सी, जिङ्गो, क्याक्टस, क्लिभिया, रोजमेरी, आमहल्दी, भूईं स्याउ, पोङ्गामिया र एउटा पहिचान हुन बाँकी) थप्न सफल भएको छ । संकलित विरुवाहरू देवरिया वनस्पति उद्यानमा रोपण गरिएको छ ।
- श्री जनजागरण सामुदायिक वन उपभोक्ता समूह सहजपुर १ कैलाली, पञ्चवली सामुदायिक वन उपभोक्ता समूह सहजपुर १ कैलाली तथा श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह सहजपुर २, कैलालीसंगको सहकार्यमा क्रमशः ४, १.५ १.५ हेक्टर, गरी जम्मा ७ हेक्टरमा जडीबुटी वोट विरुवाहरू वृक्षारोपण गरिएको छ ।
- **आय आर्जन तथा जीविकोपार्जनको लागि चुरे क्षेत्रका सामुदायिक वन, सार्वजनिक जग्गा, निजी जग्गा तथा नदी उकास क्षेत्रका विपन्नका लागि जडीबुटी खेति** मसुरिया १ अण्डैयाको वालुवाटार तटवन्धन उपभोक्ता समिति, गोदावरी १,३,४,६ ओलानिको रातोपानी सा.व.उ.स. ,मसुरिया ८ पेरहनिको प्रभात युवा क्लव, भुइँयाफाँटा उपभोक्ता समिति रतनपुर ४,८,९, हरीयाली सा.व.उ.स मसुरिया ८ शंकरपुर, मसुरियका १ अण्डैयाको पूर्वी जिरायत तटवन्धन उपभोक्ता समिति क्रमशः १,५,१,१,१ र १ गरी जम्मा १० हेक्टरमा ४३,८०० जडीबुटी विरुवा रोपण कार्य सम्पन्न भएको छ ।

- देवरिया वनस्पति उद्यानमा चौधरी, राना तथा राजी जातिले परम्परादेखि प्रयोग गर्दै आएका औषधिय वनस्पतिहरू समावेश गरी **ईथ्नोवोटानिकल वाटिका स्थापना** गरिएको छ । ०.१ हे. क्षेत्रफलमा फैलिएको उक्त वाटिकामा २५ प्रजातिका वनस्पतिहरू सूचना लेवल सहित व्यवस्थापन गरिएको छ ।
- कैलाली पहलमानपुर, जोशीपुर, पवेरा, उदाशीपुर आदि क्षेत्रमा वसोवास गर्ने **कठरिया जातिको वनस्पतिको औषधिय प्रयोग सम्बन्धी ज्ञानको अभिलेखिकरण** गरिएको छ । प्रारम्भिक प्रतिवेदन अनुसार ५० प्रजातिको औषधिय प्रयोग अभिलेखीकरण तथा हर्वेरियम नमूनाहरूको व्यवस्थापन गरिएको छ ।
- देवरिया वनस्पति उद्यानमा रहेका वनस्पतिहरूको अभिलेखिकरणको लागि राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला गोदावरीसंगको सहकार्यमा सर्वेक्षण कार्य, हर्वेरियम नमूना संकलन तथा पहिचान कार्य सम्पन्न गरिएको छ ।
- देवरिया वनस्पति उद्यानमा पाषाण वाटिका, साईटिस वाटिका, ट्याक्सोनोमीकल फेमीली गार्डेन, जलिय वनस्पति उद्यान, फर्न उद्यान स्थापना एवं व्यवस्थापन गरिएको छ । उक्त वाटिकाहरूको परिचय तथा उद्देश्य प्रष्ट हुने सूचना वोर्ड सहित संरक्षित वनस्पतिहरूको समेत सूचना लेवल व्यवस्थित गरिएको छ ।
- चालु आ.व.को साउनदेखि जेठ मसान्तसम्ममा ४०९२४ आगन्तुकहरूले देवरिया वनस्पति उद्यानको अवलोकन गर्नुभएको छ ।

सम्पादक मण्डल

सल्लाहकारहरू
/fhbJ kl;fb ofbj
(महानिर्देशक)
;'ifdf pkfWofo
(उप-महानिर्देशक)
;GhLj sdf/ /fO{
(उप-महानिर्देशक)

सम्पादन
;lwtf af;'snf
nldOf emf

सम्पर्क
प्रचार प्रसार तथा डकुमेन्टेसन शाखा
kmfg g+)! $@^*@$^, $@^!(^&
Odjhl info@dpr.gov.np, jl;fO6l www.dpr.gov.np